## तामाकोशी गाउँ कार्यपालिका

### बैठक नं. ५०

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८२ बैशाख १३ गते शनिबार बिहान १०:०० बजे बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | सदस्य (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | सदस्य (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | सदस्य (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | सदस्य (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | सदस्य (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | सदस्य (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | सदस्य (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | सदस्य | श्री संगिता वि.क. | | ९८६३२३६२५४ |
| १४ | सदस्य | श्री नरध्वज सुनुवार | | ~~९८४४३०४४५४~~ [illegible] |
| १५ | सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | कार्यपालिकाको सचिव(प्र.प्र.अ.) | श्री विमल प्रसाद निरौला | | ९८५१२४९२०४ |

तामाकोशी गाउँ कार्यपालिका

बैठक नं. ५०

मिति २०८२ बैशाख १३ गतेको तामाकोशी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

बैठकका प्रस्तावहरु:

१. सम्पन्न योजना/कार्यक्रमको भुक्तानी अनुमोदन सम्बन्धमा ।
२. कार्यालयको नाममा रहेको गाडि मर्मतको भुक्तानी सम्बन्धमा ।
३. सितापाईला मा.विको लागि बस व्यवस्थापन सम्बन्धमा ।
४. पक्कि घरहरुको अभिलेखीकरण सम्बन्धमा ।
५. अनुगमन सम्बन्धमा ।
६. स्टाफ कलेज लागत साझेदारी सम्बन्धी तालिम सम्बन्धमा ।
७. IT शाखालाई निर्देशन सम्बन्धमा ।
८. आँखा शिबिर सञ्चालनका लागि समन्वय सम्बन्धमा ।
९. हेफर कार्यक्रमको लागि बिनियोजन भएको रकम सम्बन्धमा ।
१०. धरौटि रकम फिर्ता सम्वन्धमा ।
११. उपभोक्ता समितिलाई जानकारी दिने सम्वन्धमा ।
१२. हिमाल पावर लि. संग सहयोगको लागि पत्राचार गर्ने सम्बन्धमा ।
१३. बिपद व्यवस्थापन कोष सञ्चालन कार्यबिधि २०७८ सम्बन्धमा ।
१४. प्रोत्साहन रकम सम्बन्धमा ।
१५. बिदा स्विकृत सम्बन्धमा ।
१६. समानीकरण र बिशेष अनुदानका लागि योजनाहरु सिफारिस गर्ने सम्बन्धमा ।
१७. स्वास्थ्य चौकी एम्बुलेन्स सञ्चालन/व्यवस्थापन सम्बन्धमा ।
१८. तःकेता सम्बन्धमा ।
१९. आवश्यक राय माग EIA सम्बन्धमा ।
२०. प्रशासकीय भवनको जग्गा प्राप्ति सम्वन्धमा ।
२१. आकस्मिक रुपमा सवारीसाधन भाडामा लिने सम्बन्धमा ।

Scanned with CamScanner

तामाकोशी गाउँकार्यपालिकाको मिति २०८२ बैशाख १३ गते शनिबार बसेको बैठकबाट सर्वसम्मतिले देहाय बमोजिम निर्णय गरियो ।

१. चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका र सम्झौता भई उपभोक्ता समितिबाट काम सम्पन्न भएको विवरण सहित सम्बन्धित वडाबाट भुक्तानीका लागि सिफारिस भई भुक्तानी भएका तपसिलका योजनाहरुको भुक्तानीलाई अनुमोदन गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा न. | सम्झौता मिति | स्वीकृत रकम | भुक्तानीका लागि सिफारिस रकम |
|---|---|---|---|---|---|
| १ | शिवालय पोखरी सिँचाई योजना | ६ | २०८१।०५।२० | ५००००० | ४४५२६७.९१ |
| २ | गैरी सितापाईला मानेडाँडा सडक मर्मत | ३ | २०८१।०५।२७ | ५००००० | ४६०००० |
| ३ | भष्मे सिरानखेत गोरेटो निर्माण योजना | ६ | २०८१।०६।०९ | २००००० | १८३३१५ |
| ४ | जिरिबारी अष्टनारायण पदमार्ग निर्माण | ६ | २०८१।०७।०८ | २००००० | १८२७४५.३५ |
| ५ | ठुलोखोला डेग गोरेटो बाटो निर्माण योजना | ६ | २०८१।०८।२४ | ३००००० | २७२८६४ |
| ६ | मठमन्दिर निर्माण तथा मर्मत | ५ | २०८१।०६।१० | १५०००० | १३८००० |
| ७ | सिँढी ढलान कार्यक्रम | ५ | २०८१।०९।२८ | ३४७००० | ३११७०६.५४ |
| ८ | डिहिगाउँ प्रधान टोल पहिरो रोकथाम निर्माण योजना | ६ | २०८१।०७।०८ | २००००० | १८४००० |
| ९ | जफे सोलिङ/ गैरीगाउँ आहाले | ३ | २०८१।१२।०१ | २००००० | १८४००० |
| १० | शहरेटार किर्नेगाउँ सडक स्तरोन्नती | ५ | २०८१।१२।१० | १५०००० | १३८००० |
| ११ | मसिनाचौर ठुलाखेत गोरेटो बाटो सिँडि निर्माण | ६ | २०८१।१०।१३ | २००००० | १८४००० |

२. मिति २०८१/१२/०८ गतेको कार्यपालिकाको निर्णयअनुसार कार्यालयको नाममा रहेको प्रदेश न. ३-०१-००२ झ ४९२६ न. को गाडि मर्मतको लागि कम्पनिको showroom मा पठाउने निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतलाई कार्यपालिकाको निर्देशन अनुसार कायदिश प्रदान गर्न निर्देशन दिए अनुसार Good Automobile Pvt.Ltd(Authorized service Centre of Mahendra) ले कार्य सम्पन्न गरी मेकानिकल ईन्जिनियरको सिफारिस सहित भुक्तानीका लागि माग गरेकाले अन्तिम बिल प्राप्त भए अनुसार रु ११६,७३९.४६।- (छुट रकम ५४,८३२।-) क्रमश भुक्तानी गर्दै जान प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखालाई निर्देशन दिने ।

३. यस पालिकाको वडा न. ३ मा सञ्चालित विधालय सितापाईला मा.विलाई बसको व्यवस्था गर्न सामाजिक विकास मन्त्रालय बागमती प्रदेश हेटौडालाई अनुरोध गर्ने तथा बस सञ्चालनको लागि लाग्ने व्यवस्थापकीय खर्च कार्यालयले व्यहोर्ने ।

Scanned with
CamScanner

४. पालिका स्थित ७ वटै वडालाई आ-आफ्नो वडा भित्र बनेका पक्कि घरहरुको अभिलेख तयार गरी नक्सा पास भएका र हुन बाँकी रहेका घरहरुको अभिलेखीकरणका लागि सिफारिस गर्न जानकारी गराउने ।

५. उप प्रमुखको संयोजकत्वमा रहेको बजार अनुगमन सिमितिलाइ थप सकृय बनाई पालिका स्थित सम्पूर्ण पसलहरुको कार्ययोजना स्वीकृत गराई अनुगमन गर्ने ।

६. स्टाफ कलेजबाट लागत साझेदारिमा सञ्चालन गर्ने गरी जनप्रतिनिधि र सरोकारवालाहरुको क्षमता बिकास सम्बन्धी तालिम २०८२/०३/१० भन्दा अघि अन्य कामको व्यस्थताको कारण सञ्चालन गर्न नसकिने भएकाले सो मिति भन्दा पछी समय मिलाएर सञ्चालन गर्न अनुरोध गर्ने ।

७. वडा कार्यालय देखी कार्यालय सम्मको IT संग सम्बन्धित सामाग्रिहरुको मर्मत तथा संभार अवस्थाको प्रतिवेदन र लागत तयार गरी अर्को कार्यपालिका बैठकमा प्रतिवेदन पेस गर्न IT शाखालाई निर्देशन दिने ।

८. आँखा शिबिर सञ्चालनका लागि Red Cross Society संग समन्वय गरी कार्य अघि बढाउने ।

९. वागमती प्रदेश सरकारबाट यस गाउँपालिका वडा न २ को लागि पशुजन्य वस्तु भेडा उत्पादन कार्यक्रमका लागि प्रस्ताव गरिएबमोजिम रकम स्वीकृत भइ अनिवार्य साझेदारीका लागि रकम टुङ्गो गर्नुपर्ने अवस्था विद्यमान रहेको सन्दर्भ र यस गाउँपालिकाको गाउँ सभाबाट समेत स्विकृत कार्यक्रम भएकाले हाल उक्त कार्यक्रमलाई गत गाउँसभाबाट वजेट विनियोजन भएको उस्तै प्रकृतिको" हेफर प्रोजेक्ट मार्फत कृषि तथा पशु विकास कार्यक्रम अनुदान " शीर्षकबाट पशुजन्य वस्तु भेडा उत्पादन कार्यक्रम को लागि अनिवार्य साझेदारीलाई पुग्ने मात्र रकम रु १४ लाख रुपैया रकमान्तर गरी ,आगामी गाउँ सभाबाट अनुमोदन गर्नेगरी व्यवस्था मिलाउन श्रेयस्कर देखिएकोले सोही बमोजिम कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१०. चालु आ.व पूर्वका योजनाहरु सम्पन्न भएका तर तोकिएको समयमा धरौटी फिर्ता नलिएका फर्महरुले चालु आ.व मा धरौटि फिर्ता माग्न आएमा योजना सम्पन्न भएको हो भन्ने व्यहोरालाई सम्बन्धित कागजातबाट सुनिश्चित गरी प्राबिधिक शाखाको सिफारिस र लेखा शाखाको रायको आधारमा धरौटी फिर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

११. उपभोक्ता समिति संग सम्झौता गरी भुक्तानीका लागि सम्बन्धित वडाबाट सिफारिस भई आउँदा सम्पन्न योजनाको अनुगमन प्रतिवेदनमा वडा अध्यक्षज्यू वा तोकेको सदस्य समेत स्वंयम उपस्थित भएको अनुगमनको फोटो समावेश गर्न सबै उपभोक्ता समितिलाई जानकारी दिने ।

१२. किर्ने देविटारमा सञ्चालित धुलिखेल अस्पतालले आफ्नो सेवा बिस्तार गर्न र २०८१ असोज महिनामा आएको बाढीबाट क्षति भएका कारण स्थायी संरचना निर्माणका लागि २० देखी २५ रोपनी जग्गा उपलब्ध गराईदिन

Scanned with CamScanner

अनुरोध भई आएकोमा उक्त क्षेत्रको जग्गा हिमाल पावर लि. को सेवा क्षेत्रभित्र पर्ने भएकाले सम्भावित क्षेत्रको जग्गा प्राप्तिको लागि हिमाल पावर लि. संग आवश्यक सहयोगको लागि पत्राचार गर्ने ।

१३. बिपद व्यवस्थापन कोष सञ्चालन कार्यबिधि २०७८ थप र संसोधन गर्नको लागि बिधायन समितिबाट कोष सञ्चालन कार्यबिधि २०७८ को दफा ८ थप, दफा ९ को उपदफा ३ थप र अनुसूचि १ थप भई बिधायन समितिबाट संसोधन सहित पेश हुन आएको कार्यबिधि स्वीकृत गर्ने निर्णय गरियो ।

१४. शिक्षा शाखामा कर्मचारी अभावका कारण जन प्रभात मा.वि झुलेको प्रा.शि तृतिय श्रेणीका शिक्षक हिमाल कार्कीलाई बिधालय समय बाहेक सार्वजनिक बिदाको दिनमा र अन्य दिनमा बिहान बेलुका कामकाजमा लगाए बापत २०८२/०१/०१ देखी लागु हुने गरी मासिक रु ५,०००।— मा नबढने गरी खाना खाजा बपतको रकम भुक्तानी दिने ।

१५. चालु आ.व. मा कार्यालयबाट सम्पादन गर्नु पर्ने काम र आगामी बर्षका लागि नीति तथा कार्यक्रमहरु र बजेट संग सम्बन्धित काम गर्नु पर्ने भएकाले बिशेष कारण बाहेक शाखा प्रमुख वा कुनैपनि कर्मचारीको बिदा स्वीकृत नगर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१६. आ.व २०८२/०८३ मा सञ्चालन हुने समानीकरण र बिशेष अनुदानका लागि प्रदेश सरकार सम्म तपसिलका योजनाहरु सिफारिस गर्ने ।

तपसिल:

प्रदेश समपूरक अनुदान तर्फ:

| क्र.स | आयोजनाको नाम | लागत रकम | आयोजना अवधी | प्राथमिकिकरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानेडाँडा छौडे देउराली कालिका मा.वि. सडक स्तरोन्नति | २ करोड | २ बर्ष | १ | नयाँ |
| २ | किर्नेबेसी किर्नेगाउँ रिठ्ठाबोट कल्लेरी मालुडाँडा गाउँ सडक स्तरोन्नती | २ करोड | २ बर्ष | २ | नयाँ |
| ३ | झुले गैरिबेसी भिरकोट वडा कार्यालय सडक स्तरोन्नती | २ करोड | २ बर्ष | ३ | नयाँ |

Scanned with CamScanner

बिशेष अनुदान तर्फः

| क्र.स | आयोजनाको नाम | लागत रकम | आयोजना अवधी | प्राथमिकिकरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम | १ करोड | १ बर्ष | १ | |
| २ | मालुखोला बस्ति संरक्षण | १ करोड | १ बर्ष | २ | |
| ३ | शैक्षिक गुणस्तर बृद्धिको लागि शिक्षक तालिम तथा एकिकृत सूचना प्रविधियुक्त विद्यालय व्यवस्थापन प्रणाली स्थापना कार्यक्रम | १ करोड | १ बर्ष | ३ | |

१७. चालु आ.व को पौषमा भएको गाउँसभाबाट तामाकोशी -०६ च्यामा स्वास्थ्य चौकीको एम्बुलेन्स सञ्चालन व्यवस्थापनका लागि उक्त स्वास्थ्य चौकीलाइ सम्बन्धित खर्च विवरण पेश गर्ने गरी हाललाई एकमुष्ट रकम रु ३,००,०००।— अनुदान दिन कार्यालयलाई निर्देशन दिने ।

१८. यस गाउँपालिकाको क्षेत्र भित्र रहेको आ.व. २०८१/०८२ मा ढुङ्गा गिटि बालुवा उत्खन्न कार्यको लागि ढोलीखोला तामाकोशी दोभानको ठेक्का लागेर यस गाउँपालिका र चतुररुप निर्माण सेवा बिच सम्झौता भई २०८१ पौष मसान्त भित्र पहिलो र दोस्रो किस्ता बापतको रकम रु ८८,१४,०००।—(अक्षरुपि आठासी लाख चौध हजार रुपया मात्र) दाखिला गर्नुपर्नेमा जम्मा रु ६७,६०,०००।— मात्र दाखिला भएको र बाँकि रकम रु २०,५४,०००।— राजस्व दाखिला गर्न चतुररुप निर्माण सेवालाई ताकेता गर्नको लागि राजस्व शाखालाई निर्देशन दिने ।

१९. नदिजन्य पदार्थ उत्खन्न/संकलन, व्यवस्थापन तथा बिक्रि वितरण गर्नको लागि EIA (Environment Impact Assessment) हरेक २/२ बर्षमा गर्दै आएकोमा हाल १/१ बर्षमा गर्नु पर्ने भन्ने जानकारी आएकाले मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बागमती प्रदेशमा EIA को बिषयकमा आवश्यक राय/ निर्देशन माग गर्न कार्यालयलाई निर्देशन दिने ।

२०. भुमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०८१/१२/२० को पत्र बमोजिम तामाकोशी गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०८०/०२/०८ गते निर्णय भई विभागको च.न. ३१२३ मिति २०८०/०२/१२ को निर्णय कार्यान्वियनको लागि जानकारी भई आएता पनी तामाकोशी गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रयोजनका लागि निःशुल्क उपलब्ध गराइएको जग्गा समयमा नै स्विकृत भई नआएको र स्विकृत पश्चात जग्गादाताहरुलाई निशुल्क उपलब्ध गराईएको जग्गा गाउँपालिकाको नाममा राजिनामा दिन अनुरोध गर्दा

मञ्जुरी नभएको कारण पुनः मिति २०८०।११।१७ को कार्यपालिकाको निर्णय अनुसार निःशुल्क जग्गा प्राप्तिको लागि सार्वजनिक सूचना मार्फत आहाव्न गर्ने निर्णय भए बमोजिम मिति २०८१।०४।२२ को सार्वजनिक सूचना आव्हान मार्फत तामाकोशी गाउँपालिका वडा नं ३ का जग्गादाताहरुबाट प्रशासकीय भवन निर्माणको लागि जग्गा उपलब्ध गराउन मन्जुरी भई आवश्यक कागजात समेत तयार भएको र उक्त जग्गा प्राविधिक दृष्टिकोणबाट समेत उपयुक्त देखिएकाले कार्यालयबाट प्रशासकीय भवन निर्माण प्रयोजनका लागि जग्गा प्राप्तिका लागि मालपोत कार्यालय दोलखालाई अनुरोध गर्ने निर्णय गरियो ।

२१. कार्यालय वा पदाधिकारीको सवारी साधन प्रयोग सम्बन्धी कार्यबिधि निर्माण भएको खण्डमा मौजुदा सवारी साधन पदाधिकारीले प्रयोग हुदै आएकोमा नियमित अनुगमन तथा निरिक्षण तथा जिन्सी सामान ओसार – पसार प्रयोजनमा सवारी साधन भाडामा लिनुपर्ने अवस्थामा यस पालिकाको भौगोलिक अवस्था तथा पहाडी विकटता समेतलाई मध्यनजर गर्दै तपसिल बमोजिम भाडा कायम गरी सम्झौता मार्फत भुक्तानी व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिलः

चार पाङ्ग्रे साना सवारी साधनको हकमा

१. गाउँपालिका क्षेत्र भित्र दैनिक अधिकतम रु ८,०००।–
२. गाउँपालिका बाहिर प्रयोजन हेरी दैनिक अधिकतम रु १०,०००।
३. ईन्धन बाहेक भएमा दैनिक अधिकतम रु ४,०००।–

चार पाङ्ग्रे ठूला सवारी साधनको हकमा

१. दैनिक अधिकतम रु २५,०००।-